**मिति २०८२/०३/१८ गतेको गाउँ कार्यपालिकाको १६ औं बैठकमा पेश भएका प्रस्तावहरु**

| क्र.सं. | प्रस्ताव | कैफियत |
|---|---|---|
| १. | अघिल्लो बैठकबाट भएका निर्णय कार्यान्वयनको समिक्षा सम्बन्धमा । | |
| २. | सरस्वती आ.वि. सिडार पर्खाल निर्माण सम्बन्धमा । | |
| ३. | भुमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीहरुको सम्बन्धमा । | |
| ४. | वरिष्ठ लेखा अधिकृत नियुक्ति समर्थन सम्बन्धमा । | |
| ५. | ६ नं. वडा कार्यालय जग्गा नामसारी सम्बन्धमा । | |
| ६. | प्रधानमन्त्री रोजगार कार्यक्रम आयोजना/कार्यक्रम छनौट सम्बन्धमा । | |
| ७. | विविध | |

**मिति २०८२/०३/१८ गतेको गाउँ कार्यपालिकाको १६ औं बैठकबाट भएका निर्णयहरुः**

१. यस कार्यपालिकाबाट अघिल्ला बैठककमा भएका निर्णयहरुको कार्यान्वयन समिक्षा गरियो ।

२. यस भगवतीमाई गाउँपालिका अन्तर्गत वडा नं. २ स्थित श्री सरस्वती आधारभूत विद्यालयमा सामाजिक विकास कार्यालय र यस कार्यालयबाट १/१ वटा भवन निर्माणाधिन अवस्थामा रहेको अवस्थामा यहि असाढ १ गते अविरल वर्षाका कारण उत्तरतर्फबाट पहिरो आई भवन जोखिममा रहेको र सो सम्बन्धमा बेस्तडा प्रहरी चौकी डोर टोली खटिई गई मुचुल्का समेत गरेको हुँदा उक्त स्थानमा ग्याविन जाली भर्न रकम रु. १,८०,०००.०० प्रकोष व्यवस्थापन कोषबाट खर्च हुने गरी ग्यावियन जाली भर्ने कार्य गर्ने ।

३. यस भगवतीमाई गाउँपालिकामा **राष्ट्रिय भुमि आयोग दैलेखको** समन्वय र सहकार्य तथा यस भगवतीमाई गाउँपालिकाको भुमि सेवा केन्द्रबाट भुमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीहरुकोको सबै वडाबाट तपसिल बमोजिमको लगत संकलन भई सफ्टवेयरमा समेत निवेदन प्रविष्ट भई कार्य हुँदै आएकोमा यस सम्बन्धी सम्पूर्ण कार्य अगाडी बढाउने कार्यका लागि **भूमि समस्या समाधान आयोग जिल्ला समिति दैलेख**लाई सिफारिस गर्ने निर्णय गरियो ।

**तपसिलः**

| क्र. सं. | भूमिहीन सुकुम्बासी | भूमिहीन दलित | अव्यवस्थित बसोबासी | जम्मा संख्या | कैफियत |
|---|---|---|---|---|---|
| १. | ५ | १३ | १६० | १७८ | |

४. कर्णाली प्रदेश लोकसेवा आयोग सुर्खेतबाट सिफारिस भई यस कार्यालयमा वरिष्ठ लेखा अधिकृत पदमा नियुक्ति हुनु भएका श्री इन्द्र प्रसाद अधिकारीको नियुक्ति समर्थन गर्ने र निजलाई यस गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय अन्तर्गत आर्थिक प्रशासन शाखा अन्तर्गत वरिष्ठ लेखा अधिकृत (आर्थिक प्रशासन शाखा प्रमुख) को पदमा पदस्थापन गर्ने ।

५. यस भगवतीमाई गाउँपालिका अन्तर्गत ६ नं. वडा कार्यालयले उक्त कार्यालयको कार्यालय भवनको लागि निशुल्क जग्गा प्राप्ति सम्बन्धी मिति २०८२/०२/१३ गते प्रकाशित ७ दिने सूचना बमोजिम वडा नं. ६ निवासी भगिराम जैसीको मात्र निवेदन परेको र निजले ६ नं. वडा कार्यालयलाई साविक कट्टी गा.वि.स. वडा नं. ३ स्थित देहायको १५३० वर्गमिटर जग्गा निःशुल्क दान गर्न ईच्छुक रही वडा नं. ६ को वडा समितिको मिति २०८२/०३/०१ गतेको निःशुल्क जग्गा प्राप्ति सम्बन्धी निर्णयानुसार उक्त जग्गा ६ नं. वडा कार्यालयको नाममा दर्ता श्रेस्ता कायम गर्नको लागि आवश्यक प्रक्रिया अगाडी बढाउने ।

<u>तपसिलः</u>

| क्र.सं. | जग्गाधनीको नाम | कित्ता नं. | क्षेत्रफल | | कैफियत |
|---|---|---|---|---|---|
| | | | हाल कायम | निःशुल्क दिने | |
| १. | भगिराम जैसी | २६१ | १८४० | ४२२ | |
| २. | भगिराम जैसी | २४१ | २१२० | ११०८ | |
| | जम्मा | | | १५३० | |

६. भगवतीमाई गाउँपालिका अन्तर्गत आगामी आ.व. २०८२/०८३ मा कार्यान्वयन हुने प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत देहायका आयोजना तथा कार्यक्रम स्वीकृत गर्ने ।

<u>तपसिलः</u>

| क्र.सं. | आयोजनाको नाम | स्थान | कैफियत |
|---|---|---|---|
| १. | अमाडे-गहिरा विसा गोरेटो बाटो तथा सिढी निर्माण | वडा नं. १ | |
| २. | भुवाल्न-सरुखेल्न सडक मर्मत | वडा नं. २ | |
| ३. | जोगिमारे सोतीखोला सडक निर्माण | वडा नं. ३ | |
| ४. | डौरी साहुबाडा-भगवती प्रा.वि.-कुल्ले सडक | वडा नं. ४ | |
| ५. | डौरी साहुबाडा-कालिका मा.वि.-मध्यपहाडी जोड्ने गोरेटो बाटो | वडा नं. ४ | |
| ६. | महादेव-जनजाती-राउलाचौर सडक मर्मत | वडा नं. ६ | |
| ७. | तप्लुङ्ग-वडा कार्यालय सडक मर्मत | वडा नं. ७ | |

७. यस भगवतीमाई गाउँपालिका अन्तर्गत कार्यरत रहि चालु आ.व. २०८१/०८२ कार्यबोझ बढी भएका एंव उत्कृष्ट कार्यसम्पादन गर्ने देहाय कर्मचारीहरलाई निजले पाउने वार्षिक तलवको २५ प्रतिशत रकम प्रोत्साहन वापत भुक्तानी दिने ।

| क्र.सं. | नामथर | पद | कैफियत |
|---|---|---|---|
| १ | नारायण जंग पाण्डे | प्रमुख प्रशासकीय अधिकृत | |
| २ | रतिमान बुढा | वरिष्ठ लेखा सहायक | |
| ३ | प्रेमबहादुर खड्का | नायब सुब्बा | |

८. यस गाउँपालिका अन्तर्गत शिक्षा सम्बन्धितसँग दरबन्दी मिलान, विद्यालय समायोजन, शिक्षक व्यवस्थापन, शिक्षक अनुदान हेरफेर र अनुदान शिक्षक र राहत शिक्षकको कामकाज खटाउने सम्बन्धी अधिकार वडा शिक्षा समिति वा समितिका संयोजकको सिफारिस गाउँ शिक्षा समितिले गर्ने गरी अधिकार प्रत्यायोजन गर्ने ।

**भिन्न मत**

| क्र.सं. | सदस्यको नाम | पद | भिन्न मतको संक्षिप्त व्यहोरा | दस्तखत |
|---|---|---|---|---|
| | | | | |